म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ अङ्क:- १८६ २०८१ जेठ १५ गते मंगलबार 28 May 2024, Tuesday - पृष्ठ ४ मूल्य रु. ५/-

गणतन्त्र दिवस भव्य रुपमा मनाऔं ।

लोकतान्त्रिक गणतन्त्रका उपलब्धिलाई संस्थागत गरौं । संघ, प्रदेश एवम् स्थानीय सरकारबीच समन्वय र सहकार्य गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

### बागमती प्रदेशमा नीति तथा कार्यक्रम प्रस्तुत

# प्रदेश गौरवका योजना छनोटको मापदण्ड बनाइने, प्रदेश रणनीतिक योजना लागु गरिने

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशमा प्रदेश प्रमुख यादवचन्द्र शर्माले सोमबार आगामी आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम प्रस्तुत गर्नु भएको छ। मुख्यमन्त्री शालिकराम जम्कट्टेलले उपलब्ध गराउनुभएको नीति तथा कार्यक्रम प्रदेश प्रमुख शर्माले प्रदेश सभामा प्रस्तुत गर्नुभएको हो । आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा प्रदेश गौरवका योजना छनोट गर्ने मापदण्ड बनाई गौरवका योजना समयमै निर्माण सम्पन्न गर्ने, अन्तरप्रदेश समन्वय गरी करको दरमा एकरुपता ल्याउने, प्रदेश जनसंख्या नीति लागु गर्ने, सबै नीतिमा स्वास्थ्य नीति लागु गरिने, प्रदेश रणनीतिक योजना लागु गरिने उल्लेख गरिएको छ। प्रदेशमा वित्तीय सुशासन कायम राख्ने र राजश्व चुहावट नियन्त्रण गर्ने पनि उल्लेख गरिएको छ ।



प्रदेश सभामा आगामी आर्थिक बर्षको नीति तथा कार्यक्रम प्रस्तुत गर्नुहुँदै प्रदेश प्रमुख यादवचन्द्र शर्मा ।

नीति तथा कार्यक्रममा उत्पादन तथा उत्पादकत्व अभिवृद्धिको माध्यमबाट आर्थिक एवम् सामाजिक रूपान्तरणका लागि प्रदेश सरकारको लगानी केन्द्रित गर्ने जनाएको छ। प्रदेशमा वित्तीय पहुँच र व्यवस्थापनका लागि प्रदेश बैंक स्थापनाको कार्य अगाडि बढाउने नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ । प्रदेशको सन्तुलित विकास एवम् समृद्धिमा योगदान गर्न सक्ने रूपान्तरणकारी तथा उच्च प्रतिफलयुक्त ठूला आयोजनाको पहिचान र विकास गरी कार्यान्वयनमा लैजाने नीति तथा कार्यक्रममा उल्लेख छ । विनियोजन कुशलता र स्रोतसाधन परिचालनमा दक्षता अभिवृद्धि गरी कार्यान्वयन पक्षलाई प्रभावकारी बनाइने, प्रदेश सरकारको सार्वजनिक खर्चमा मितव्ययिता कायम गरिने, वित्तीय संघीयताको सवलीकरण गर्न प्रदेशको आयस्रोत वृद्धि गरिने, आन्तरिक आयस्रोत कम भएका तथा मानव विकासको सूचकाङ्कमा कमजोर रहेका स्थानीय तहमा वित्तीय हस्तान्तरणमार्फत् थप कार्यक्रम तथा बजेट उपलब्ध गराउने व्यवस्था मिलाउने नीति तथा कार्यक्रममा उल्लेख छ ।

यस्तै, नीति तथा कार्यक्रममा स्वास्थ्यमा सर्वव्यापी पहुँचको मान्यताअनुरुप तहगत सरकार, निजी क्षेत्र, नागरिक समाज तथा संघ, संस्थासँगको समन्वय र सहकार्यमा प्रवर्द्धनात्मक, उपचारात्मक, पुनर्स्थापना, प्रशामक तथा मनोसामाजिक स्वास्थ्य सेवालाई थप विकास तथा विस्तार गरिने जनाएको छ । बहुपक्षीय र बहुक्षेत्रीय समन्वय र सहकार्यमार्फत आत्महत्याको बढ्दो दरलाई नियन्त्रण गर्न मानसिक स्वास्थ्य प्रवर्द्धन, आत्महत्याको न्यूनीकरण भन्ने अभियान सञ्चालन गरिने नीति तथा कार्यक्रममा उल्लेख छ । यस्तै, प्रदेशको बर्थिङ सेन्टरलाई सुदृढीकरण गर्दै गर्भवती तथा प्रसूति अवस्थाका ज्यान जोखिममा परेका महिलाको निःशूल्क हवाई उद्दार सेवालाई निरन्तरता दिइने जनाइएको छ । मातृ स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन स्थानीय तहसँगको सहकार्यमा ग्रामीण क्षेत्रमा अल्ट्रासाउण्ड सेवालाई विस्तार गर्दै लगिने योजना रहेको छ ।

अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा सबै बालबालिकाको पहुँचमा पुऱ्याउन स्थानीय तहमा अनिवार्य तथा निःशूल्क शिक्षा कार्यक्रमलाई निरन्तरता दिइने बताइएको छ । सामुदायिक विद्यालयमा शिक्षाको गुणस्तर अभिवृद्धिका लागि एकीकृत विद्यालय व्यवस्थापन सुधार तथा गुणस्तर अभिवृद्धि कार्यक्रम सञ्चालन गरी "गुणस्तरीय शिक्षाः हामी सबैको अपेक्षा" भन्ने उक्तिलाई क्रमशः सार्थक तुल्याइने नीति तथा कार्यक्रममा उल्लेख छ ।

# नीति तथा कार्यक्रममा सरकारले मिहिनेत गरेनः लामा

समाज संवाददाता

हेटौंडाः नीति तथा कार्यक्रम निर्माण गर्न वर्तमान सरकारले मिहिनेत नगरेको प्रमुख प्रतिपक्ष दल नेपाली कांग्रेस बागमती प्रदेश संसदीय दलका नेता बहादुर सिंह लामाले बताउनुभएको छ । बागमती प्रदेशसभामा प्रदेश प्रमुख यादवचन्द्र शर्माले सोमबार आगामी आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम प्रस्तुत गर्नुभएको थियो ।

आगामी आर्थिक वर्षको नीति तथा

....बाँकी पृष्ठ ३ मा



# सम्पादकीय

## गणतन्त्र अनुभूति अझै भएन

मुलुकमा गणतन्त्र कार्यान्वयनमा आएको डेढ दशक पूरा भएको छ । २०६५ सालको जेठ १५ गते नेपालमा गणतन्त्र कार्यान्वयनमा आएको घोषणा गरिएको हो । संविधानसभाको पहिलो बैठकले २०६५ जेठ १५ गते नेपाल गणतन्त्रात्मक मुलुक भएको घोषणा गरेर गणतन्त्र कार्यान्वयनमा ल्याएको थियो । राणा शासन अन्त्यका लागि गरिएको आन्दोलनताकाबाटै गणतन्त्रको माग सुरु भए पनि २०६२/०६३ को दोस्रो जनआन्दोलनपछि गणतन्त्र कार्यान्वयनको आधार तयार भएको थियो । दोस्रो जनआन्दोलनको एउटा मुख्य एजेण्डाको रुपमा रहेको गणतन्त्रलाई पहिलो संविधानसभाको पहिलो बैठकले अनुमोदन गरी कार्यान्वयनमा ल्याए पनि गणतन्त्रको वास्तविक अनुभूति आम नागरिकले अझै गर्न पाएका छैनन् । गणतन्त्रको मूल्य, मान्यता र सिद्धान्तबमोजिम स्वभाविक गतिमा मुलुक अगाडि बढ्न नसक्दा गणतन्त्रको अनभूतिसमेत हुन नसकेको हो ।

आज गणतन्त्र दिवस । देशमा गणतन्त्र घोषणा भएको दिनको विशेष ऐतिहासिक महत्वलाई मध्यनजर गर्दै हरेक वर्ष जेठ १५ गते गणतन्त्र दिवस मनाइने गरिएको छ । सरकारले गणतन्त्र दिवसको दिन सार्वजनिक बिदासमेत दिने गरेको छ । संघ, प्रदेश र स्थानीय सरकारले ३ दिनसम्म विविध कार्यक्रम गरी गणतन्त्र दिवस मनाउन आग्रह गरेको छ । गणतन्त्र घोषणा भएको डेढ दशकको अवधिमा मुलुकको शासन व्यवस्थामा धेरै घटनाहरु भइसकेका छन् । यस अवधिमा दुईवटा संविधानसभाको निर्वाचन भयो । दोस्रो संविधानसभाले संघीय गणतन्त्रात्मक शासन व्यवस्थासहितको संविधान जारी गऱ्यो । संविधानअनुसार देशको पुनर्संरचनासहित संघ, प्रदेश र स्थानीय तह बनाइयो । ती तहमा दुई पटक निर्वाचन सम्पन्न भएर दोस्रो कार्यकाल चलिरहेको छ । गणतन्त्र कार्यान्वयनमा धेरै अभ्यासहरु हुँदै गएको भए पनि आम नागरिकले गणतन्त्रको सुखानुभूति गर्न पाएका छैनन् । सर्वसाधारण नेपालीले अहिलेसम्म गणतन्त्र र पहिलाका अन्य शासन व्यवस्थाबीच तात्विक भिन्नता महसुस गर्न सकेका छैनन् ।

झण्डै अढाई सय वर्षको इतिहास बोकेको राजतन्त्रलाई हटाएर ल्याइएको गणतन्त्रको वास्तविक लाभ मुलुक र जनताले प्राप्त गर्न नसक्नु विडम्बना हो । गणतन्त्रमा पनि मुलुकको राजनीतिक निश्चित लयमा अघि बढ्न सकेको छैन । राजनीतिक अस्थिरता र संक्रमण कायमै छ । गणतन्त्रपछि बनाइएको प्रदेश संरचनामा सबैभन्दा बढी समस्या देखिएको छ । पछिल्लो समय देशका सबैजसो प्रदेश सरकार अस्थिरताको भूमरीमा फसेको छ । प्रदेश सरकार कुन बेला ढल्छ भन्ने अनुमानसमेत गर्न सकिने अवस्था छैन । पछिल्लो निर्वाचनपछिको डेढ वर्षमा प्रदेशका मुख्यमन्त्री र मन्त्री परिवर्तनको शृंखला चलिरहेको छ । गणतन्त्रका लागि लडेका दलहरुबाटै गणतन्त्रलाई संस्थागत गर्न नसक्नु चिन्ताको विषय बनिरहेको छ । गणतन्त्रमा पनि राजनीतिक अस्थिरता, आरोप-प्रत्यारोप, बेथिति, अराजकता, दण्डहिनता, भ्रष्टाचार कायमै रहनु राम्रो संकेत होइन । यसले आम नागरिकमा निराशा पैदा गरेकोमात्र नभई गणतन्त्र र संघीयताको भविष्यसमेत धरापमा पर्ने खतरा देखिएको छ ।

राजनीतिक दलहरुले आफ्नो अनुकूल हुनेगरी गणतन्त्रको व्याख्या गर्ने र अभ्यास गर्ने गरेकै कारण आम नागरिकले गणतन्त्रको अनुभूति गर्न पाएका छैनन् । नागरिकलाई सार्वभौम बनाउने गणतन्त्रको सर्वमान्य सिद्धान्तलाई भुलेर राजनीतिक दलहरुले आफ्नो पार्टीको दृष्टिकोणबाट गणतन्त्रको व्याख्या र प्रयोग गर्दै आएका छन् । गणतन्त्र दिवस मनाइरहँदा राजनीतिक दल तथा तिनका नेतृत्वले यसको सिद्धान्त, मूल्य-मान्यतासँगै आम नागरिकको अपेक्षालाई स्मरण गर्नैपर्छ । सबैभन्दा उत्कृष्ट भनिएको गणतान्त्रिक शासन व्यवस्थामा हरेक नेपालीलाई खुशी र सन्तुष्ट पार्न सक्नुपर्छ । नागरिकमा निराशा र असन्तुष्टि बढ्दै गएर गणतन्त्रको विकल्प खोज्ने अवस्था आयो भने त्यसको परिणाम के होला ? राजनीतिक दल, तिनका नेतृत्व र सरकारको नेतृत्व गर्नेहरुले समयमै गम्भीर भएर सोच्नु आवश्यक छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार १११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : विपरित परिस्थितिलाई जितिने समय योग छ ।
**वृष** : व्यापार-व्यवसायबाट लाभ प्राप्त हुने समय छ ।
**मिथुन** : परोपकार र आनन्दमा मन जाने समय योग छ ।
**कर्कट** : हाँके ताकेका काममा पूर्णता प्राप्त हुने समय छ ।
**सिंह** : विश्वासको कमिले आपसी मनमुटाव बढ्ला ।
**कन्या** : भद्रभलादमीको संगतले काममा पूर्णता ।
**तुला** : सामाजिक उत्तरदायित्व बढ्ने समय योग छ ।
**वृश्चिक** : हिम्मत र साहसले काममा पूर्णता प्राप्त ।
**धनु** : नोकरीमा चुनौती र जोखिम झेल्ने समय छ ।
**मकर** : शत्रु र रोगमाथि विजय प्राप्त हुने समय छ ।
**कुम्भ** : परीक्षा प्रतियोगितामा सरिक भईने समय योग छ ।
**मीन** : सामाजिक र धार्मिक काममा सरिक भईने छ ।

# अर्थतन्त्रको चरण–चरणमा कमजोरी

**कृष्णमणि पराजुली**



विकासलाई निरन्तरता दिने मुख्य अवयव भनेको बजेट हो । यसको सफल व्यवस्थापनबाट निर्दिष्ट लक्ष्य प्राप्त गर्न सकिन्छ । संगठनका सबै पक्षलाई आवश्यक पर्ने भएकाले यसको महत्वपूर्ण भूमिका रहेको हुन्छ । जसरी कुनै व्यक्तिका लागि पैसाबिना कुनै काम गर्न सम्भव हुँदैन त्यसैगरी सरकारका लागि पनि पैसा नभई कुनै पनि काम अगाडि बढाउन सकिँदैन । कसैले केही काम गर्छ भने सो काम गरेबापत उसलाई पैसा दिइएको हुन्छ । त्यो नै उसको पारिश्रमिक हुन्छ र सरकारले सञ्चालन गर्ने आर्थिक क्रियाकलापलाई आर्थिक प्रशासन भनिन्छ ।

व्यक्तिले जसरी आफूसँग भएको सीमित वित्तीय साधनको उपयुक्त किसिमले बुद्धिमत्तापूर्वक व्यवस्थापन गरी अधिकतम फाइदा लिने गर्छ, सरकारले पनि थोरै साधन लगानी गरेर अधिकतम प्रतिफल लिने गर्छ, किनभने सरकारसँग पनि प्रशस्त वित्तीय साधन-स्रोत हुँदैन । थोरै साधन-स्रोत प्रयोग गरेर धेरै फाइदा लिन सक्नुपर्छ । साधन सीमित र अपेक्षा असीमित हुँदा सन्तुलन कायम गर्न कठिन हुने गर्छ । त्यसकारण कसरी धेरै साधन सिर्जना गरेर नागरिकका अपेक्षा पूरा गर्ने भन्ने कुरामा नै कुनै पनि सरकारकलाई चुनौती हुन्छ ।

अर्थ तथा पैसा सिर्जना गर्ने काम त्यति सजिलो हुँदैन । पैसा एक किसिमको कारोबार गर्ने माध्यम मात्र हो । यो आफैं साध्य होइन र साधन मात्र हो । कसैले कसैका लागि केही काम गरिदिन्छ र त्यो कामले अर्थसँग सरोकार राख्छ भने काम गरेबापत क्षतिपूर्ति दिइने वस्तु भनेको पैसा हो । पैसा निर्माण गर्ने काम सरकारले गर्ने भएकाले धमाधम नोट छापे भइहाल्छ नि भन्ने एक प्रकारको सोचाइ पनि मानिसमा आएको हुन सक्छ । तर, त्यस्तो होइन । नोट छाप्ने पनि विधि र प्रक्रिया हुन्छन् ।

जथाभावी नोट छाप्ने हो भने राज्यले ठूलो संकट भोग्नुपर्छ र मुद्राको कुनै मूल्य हुँदैन । छापिएको नोट एउटा कागजको खोस्टो बराबर हुन जान्छ । एक जोर जुत्ता किन्नका लागि डोकोमा नोट लिएर जानुपर्ने हुन सक्छ । कागजको नोटलाई मूल्यवान् बनाउन विभिन्न किसिमका सुरक्षण राख्नुपर्छ । नोट छाप्ने आधार, विधि र प्रक्रियाहरूलाई तलमाथि नगरेको अवस्थामा मात्र नोटको मूल्य कायम हुन सक्छ । यस्ता समस्या आउन नदिनका लागि सरकारले बुद्धिमत्तापूर्वक अर्थको व्यवस्थापन गरेको हुन्छ ।

राष्ट्रिय अर्थतन्त्रको प्रारम्भिक चरण भनेको बजेट हो । राष्ट्रको आर्थिक लेखाजोखा यहींबाट सुरु हुन्छ । साधारण भाषामा भन्नुपर्दा बजेटलाई आयव्ययको विवरण भन्ने गरिन्छ । बजेटलाई यतिमा मात्र सीमित राख्नु हुँदैन । यसलाई आयव्ययका अतिरिक्त एउटा राजनीतिक दस्तावेजका रूपमा पनि लिनुपर्छ । जनताका आवश्यकता र अपेक्षालाई सम्भव गराइदिने माध्यम भनेको नै बजेट हो । त्यसकारण बजेट सरकार र नागरिकका लागि उत्तिकै महत्व हुन्छ ।

अर्थको बढी महत्व हुने भएकाले सरकारले होसियारीपूर्वक बजेट निर्माण गरेको हुन्छ । आम्दानी नभईकन सरकारले खर्च गर्न सक्दैन । आम्दानी गर्ने भनेको सरकारले लगाएको कर, सेवा, शुल्क आदि नै हुन् । जनताले कुनै आर्थिक लाभ हुने काम गर्छ भने त्यहाँ सरकारलाई कर तिर्नुपर्छ । त्यस्तै राज्यले जनतालाई केही सुविधा पुऱ्याएको हुन्छ भने सो सुविधा उपभोग गरेबापत जनताले शुल्क तिरेको हुन्छ । सरकारले कर तथा सेवा-शुल्क आदि लिन्छ अनि त्यही पैसा जनताका लागि खर्च गर्छ । यस प्रकारले सरकारले आम्दानी सिर्जना गरेर खर्च गरेको हुन्छ । बुझ्नुपर्ने कुरा के छ भने सरकारसँग त्यसै कुबेरको ढुकुटीजस्तो गरी पैसा थुप्रिने होइन । एकातिरबाट पैसा लिएको हुन्छ, अर्कातिर खर्च गरेको हुन्छ । जहिले पनि सरकारलाई आम्दानी र खर्चको सन्तुलन कायम गर्न भने चुनौती नै हुन्छ ।

जनताले राज्यसँग धेरै चाहेको हुन्छ तर ती आवश्यकता पूरा गर्न राज्यसँग प्रशस्त साधन-स्रोत हुँदैन । जनताका अपेक्षा र साधनबीच सन्तुलन कायम गर्न सरकारलाई कठिनाइ परेको हुन्छ । उद्योगी-व्यवसायीहरू कर कम तिर्न चाहन्छन् । त्यसैगरी जनता धेरै शुल्क तिर्न रुचाउँदैनन् । सबैले नै थोरै कर तथा सेवा शुल्क तिरेर सरकारबाट धेरै फाइदा लिन चाहेका हुन्छन् । यस अवस्थामा सरकार भने तनावमा रहेको हुन्छ । किनभने थोरै आर्थिक साधन प्रयोग गरेर जनताका धेरै आवश्यकता पूरा गर्नुपर्ने हुन आउँछ । यो नै जुनसुकै सरकारका लागि टाउको दुखाइको विषय हुने गर्छ । आवश्यकता र साधनबीच सन्तुलन कायम गर्न सरकारलाई कठिन भइरहने हुँदा सरकारले आफूले प्राप्त गर्ने साधनभन्दा पनि बढी अनुमान गरेको हुन्छ । चालु आर्थिक वर्षमा सरकारले राजस्व १४२२ अर्ब अनुमान गरेको छ, जुन राजस्व प्राप्त हुन सक्दैन । आर्थिक वर्ष सकिनै लाग्दाको अवस्थामा ७७२ अर्ब मात्र प्राप्त भएको छ । असुल नै हुन नसक्ने पैसा आउँछ भनेर बजेटमा समावेश गरिएको छ । यही बिन्दुदेखि नै अर्थतन्त्रमा कमजोरी प्रारम्भ भएको हुन्छ ।

आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्ने काम चालु आर्थिक वर्षको मध्यतिरबाट सुरु भएको हुन्छ । यसैको सेरोफेरोमा राष्ट्रिय योजना आयोगले बजेट सीमा अर्थ मन्त्रालयलाई उपलब्ध गराएको हुन्छ । उपलब्ध हुन सक्ने साधन-स्रोतको आधार र जनताका आवश्यकताका आधारमा राष्ट्रिय योजना आयोगले बजेट सीमा तय गर्नुपर्ने भए पनि अलि बढी नै दिएको हुन्छ । यही सीमा पनि नाघेर सरकारले बजेट तर्जुमा गरेको हुन्छ । सरकारसँग बढीभन्दा बढी बजेट माग हुने भएकाले पनि बिनाआधार बजेट ठूलो आकारको बनाउने गरिएको हुन्छ । यसरी बजेट निर्माण गर्ने अवस्थादेखि नै अर्थतन्त्रमा चुनौती हुन्छ ।

खास गरेर सरकारको आम्दानीका स्रोत भनेको राजस्व, अनुदान, आन्तरिक ऋण र बाह्य ऋण नै हुन् र बजेटमा यिनीहरू नै उल्लेख गरिएका हुन्छन् । राजस्वबाट प्राप्त हुने आम्दानीबाट सरकारले साधारण खर्च गरेको हुन्छ । कर्मचारीको तलब, भत्ता, कार्यालय सञ्चालन खर्च, दैनिक भत्ता, इन्धन, खाजा खर्च आदि यस शीर्षकअन्तर्गत पर्छन्, जसलाई अर्को शब्दमा भन्नुपर्दा चालु खर्च भनिन्छ । चालु खर्च अनावश्यक रूपमा बढाउने काम सरकारले गरेको हुन्छ । चालु खर्च अनुत्पादक हुने भएकाले यसले विकास निर्माण कार्यमा योगदान गरेको हुँदैन । जुन खर्चले अर्थतन्त्रमा खासै योगदान पनि दिएको हुँदैन । त्यही खर्चलाई सरकारले महत्व दिँदा अर्थतन्त्रमा समस्या आउने गर्छ । अहिले यही भइरहेको देखिन्छ ।

चालु आर्थिक वर्षको बजेटको आकार हेर्दा पनि यस्तै देखिएको छ । चालु खर्चमा ११४१ अर्ब विनियोजन भएको छ भने पुँजीगतमा ३०२ अर्ब मात्र विनियोजन भएको छ । विकास निर्माणमा कम र प्रशासनिक खर्चमा बढी बजेट विनियोजन गरिनुलाई राम्रो मानिँदैन । जनताको जीवनस्तरमा सुधार ल्याउने हो भने पुँजीगत बजेटमा धेरै बजेट विनियोजन गर्नुपर्छ र खर्च पनि गर्न सक्नुपर्छ । बजेट नै उल्टो किसिमले विनियोजन गरिने प्रणालीको अन्त्य गरिनुपर्छ ।

दातृ निकायबाट अनुदान प्राप्त हुने यकिन नभईकन पनि बजेटमा रकम विनियोजन गरिएको अवस्था देखिन्छ । कार्यक्रम स्वीकृत गर्ने तर अनुदान नआउँदा कार्यक्रम सञ्चालन हुन नसकेका थुप्रै उदाहरण देखिन्छन् । आर्थिक वर्ष २०८०-८१ मा पनि ४९ अर्बको अनुदान अनुमान भएकोमा अहिलेसम्म २ अर्ब मात्र प्रयोग भएको अवस्था छ अर्थात ५.५२ प्रतिशत ।

स्वदेशी र विदेशी गरी ४५२ अर्ब ऋण प्राप्त हुने भनी अनुमान भएकोमा यो पनि आउँछ भन्न सकिँदैन । सम्झौता नभएको अवस्थामा पनि बजेटमा समावेश गरिँदा अनावश्यक रूपमा बजेटको आकार एकातिर वृद्धि हुन गएको देखिन्छ भने अर्कातर्फ कार्यान्वयनको चरणमा बजेटको अभाव हुन गएको देखिन्छ । बजेट तर्जुमाको चरणमा नै यसरी हचुवा किसिमले आम्दानी देखाइँदा राष्ट्रिय आयव्ययमा नै असर परेको छ र बजेटको वास्तविक तस्बिर आउन नसकेको अहिलेको अवस्था हो ।

राष्ट्रिय आयव्ययको अनुमानित विवरण यथार्थ हुनुपर्छ । यथार्थ नभएको अवस्थामा एकातिर बजेट कार्यान्वयन गर्न सकिँदैन भने सरकारले उपलब्ध गराउने आर्थिक विवरण पनि विश्वसनीय हुँदैनन् । सहयोगी दातृ निकाय र नागरिकलाई समेत विश्वास दिलाउन सकिएको हुँदैन । विगतदेखि नै यसरी बजेट निर्माण गर्दा त्रुटि भएको देखिन्छ ।

आर्थिक प्रशासनको अर्को कमजोर पाटो भनेको आर्थिक अनियमितता हो । आयोजनाका लागि विनियोजित बजेट जसरी खर्च गरे पनि हुन्छ भन्ने एक प्रकारको धारणा कार्यालय प्रमुखहरूमा भएको पाइन्छ । जसका कारण प्रत्येक वर्ष बेरुजु बढ्दै गएको छ । बेरुजु फछ्र्योट नगर्ने र प्रत्येक वर्ष थपिँदै जाँदा आर्थिक अनियमित कारोबार नियन्त्रण गर्नै नसकिने अवस्थामा पुगेको छ । यो कुरालाई महालेखा परीक्षकको वार्षिक प्रतिवेदनबाट पनि थाहा पाउन सकिन्छ ।

हामीले ठूलो आकारको बजेट निर्माण गरेका हुन्छौं । आम्दानीका स्रोत हचुवाको भरमा देखाएका हुन्छौं । तर, अनुमानित बजेटभन्दा थोरै मात्र खर्च गरेका हुन्छौं । यसमा खास गरेर दुई कुरा आएका हुन्छन् । एक त आय नै वास्तविक हुँदैन । अर्को, आम्दानी नआउने भएपछि खर्च हुन सक्ने अवस्था नै रहँदैन र भएको खर्च पनि ज्यादै थोरै हुने गरेको छ । सानो आकारको बजेट खर्चले विकास निर्माण कार्यको लक्ष्य प्राप्त गर्नै सक्दैन ।

संक्षेपमा भन्नुपर्दा, बजेट तर्जुमाको सुरुवाती चरणदेखि नै हामीले गलत अभ्यास गरेको पाउँछौं । बजेटको आय पक्षअन्तर्गत पर्ने राजस्व, अनुदान, आन्तरिक ऋण तथा बाह्य ऋण नै हचुवाको आधारमा बजेटमा समावेश गरेका हुन्छौं । हचुवा अनुमानित आम्दानीले निश्चय नै बजेट कार्यान्वयनमा समस्या ल्याएकै हुन्छ । अनुमानको तुलनामा न्यून बजेट खर्च हुँदा जनताले गरेका अपेक्षा र वास्तविक अवस्थामा ठूलो भिन्नता आएको हुन्छ । बजेट कार्यान्वयनबाट अपेक्षा र वास्तविक अवस्थाबीचको खाडल साँघुरो हुनुपर्ने हो, त्यो हुन नसकिरहेको अहिलेको अवस्था छ । त्यसकारण अर्थतन्त्रको चरण-चरणमा भइरहेका कमी-कमजोरीको निराकरण गरेर देशको अर्थतन्त्र वास्तविक बनाउनुपर्छ ।

*(स्रोत: कारोबारदैनिक)*

# हिटस्ट्रोक कसरी हुन्छ ?



**प्रा.डा. लोचन कार्की**

केही दिनअघि मात्रै बलिउड अभिनेता शाहरुख खानलाई हिट-स्ट्रोक भएपछि अस्पताल भर्ना गर्नुपऱ्यो । आईपीएल क्रिकेटको दौरान उनलाई अत्याधिक गर्मीका कारण हिटस्ट्रोक भएको थियो । अहिले उनी अस्पतालबाट डिस्चार्ज भइसकेका छन् ।

अहिले धेरैलाई जिज्ञासा उठिरहेको छ हिटस्ट्रोक भनेको के हो ? यो गर्मी सम्बन्धित एक रोग हो । शरीरले आफ्नो तापक्रमलाई नियन्त्रण गर्न नसक्दा हिट-स्ट्रोक हुने गर्छ । सामान्यतया स्वस्थ मानिसको शरीरको तापक्रम ९७ देखि ९९ डिग्री फारेनहाइट मानिन्छ । त्यो भन्दा माथि भएमा ज्वरो आएको भनिन्छ । त्यस्तै शरीरको तापक्रम एक्कासी केही मिनेटमा १०६ डिग्री फारेनहाइट वा त्योभन्दा माथि बढ्न सक्छ । त्यसैलाई हिट-स्ट्रोक भनिन्छ ।

यो समस्या भएको १० देखि १५ मिनेटमा उपचार गर्न नसके मानिसको मृत्यु समेत हुनसक्छ ।

### के कारणले हुन्छ ?

हाइपोथालेमस मस्तिष्कको एक क्षेत्र हो, जसले हार्मोन उत्पादन गर्छ । यसले शरीरको तापक्रम, धड्कन गति, भोक र मुडलाई नियन्त्रण गर्छ । यसमा गडबडी भएपछि हुने गर्छ । शरीरको तापक्रम एक्कासी बढ्ने, पसिना ननिस्कने हुन्छ । जसकारण शरीर चिसो हुन सक्दैन र शरीरको तापक्रम बढ्दै गएर हिट-स्ट्रोक हुन्छ ।

हिट-स्ट्रोक सामान्यतया निरन्तर शारीरिक भार पर्ने काम गर्ने जोकोही व्यक्तिलाई पनि हुनसक्छ । किनभने कामको कारण शरीरको तापक्रम बढ्ने गर्छ । त्यस्तै लामो समय घाममा वा तातो ठाउँमा बस्दा, गर्मी सहन नसक्ने व्यक्तिलाई पनि हिट-स्ट्रोक हुनसक्छ । त्यस्तै दीर्घकालीन स्वास्थ्य समस्या (मुटरोग, फोक्सो, मधुमेह, उच्च रक्तचाप र मोटोपनको समस्या), शरीरमा पानीको कमी, मद्यपान तथा अन्य लागूऔषध प्रयोग गर्ने व्यक्तिलाई हुनसक्छ । साथै गर्मीयाममा आवश्यकता भन्दा बढी लुगा लगाउँदा पनि हिट-स्ट्रोक हुनसक्छ ।

### लक्षण

टाउको दुख्ने, बान्ता हुने, शरीर कमजोरी महसुस हुने, रिंगटा लाग्ने, तिर्खा लाग्ने, मुटुको धड्कन बढ्ने, श्वास फेर्न अप्ठ्यारो हुने, चिडचिडा र दुःखी हुने, छाला सुक्खा हुने, मिर्गी लागेजस्तो हुने,

....बाँकी पृष्ठ ३ मा

# मकवानपुरगढी-८ मा पनि निःशुल्क शिक्षा घोषणा

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्लाको मकवानपुरगढी गाउँपालिकाले वडा नम्बर ८ लाई अनिवार्य तथा निःशुल्क शिक्षा वडा घोषणा गरेको छ । सोमबार ८ नम्बर वडा अध्यक्ष कुमार सिंह घिसिङको सभाध्यक्षतामा गाउँपालिका उपाध्यक्ष मानकुमारी पाखिनले हस्ताक्षरपत्रमा हस्ताक्षर गरी निःशुल्क शिक्षा वडा घोषणा गरिएको गाउँपालिकाका शिक्षा सहजकर्ता कमल फुयालले जानकारी दिनुभयो ।

संविधानको भाग ३ को धारा ३१ मा शिक्षाको हकअन्तर्गत् रहेको आधारभूत तहसम्म निःशुल्क तथा अनिवार्य शिक्षा र माध्यमिक तहसम्म निःशुल्क शिक्षा घोषणा गर्ने तयारी गाउँपालिकाको छ । अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५, नियमावली २०७७ र अनिवार्य तथा निःशुल्क शिक्षा घोषणा कार्यविधि २०८० बमोजिम हस्ताक्षरपत्रमा हस्ताक्षर गरी गाउँपालिकाको ८ नम्बर वडालाई निःशुल्क शिक्षा वडा घोषणा गरिएको फुयाँलले जानकारी दिनुभयो ।

२०८५ सालभित्र देशका ७ सय ५३ वटै स्थानीय तह नै निःशुल्क शिक्षा घोषणा गर्ने कार्यविधि रहेको छ । यसै कार्यविधिलाई आधार मानेर जेठ महिनाभित्र मकवानपुरगढी गाउँपालिकालाई अनिवार्य तथा निःशुल्क शिक्षा घोषणा गर्ने तयारी गरिएको फुयाँलले जानकारी दिनुभयो । यसअघि मकवानपुरगढी गाउँपालिकाको वडा नम्बर १, ३ र ४ मा निःशुल्क शिक्षा घोषणा भइसकेको छ । ५ नम्बर वडाको घोषणाका लागि आवश्यक तयारी नपुगेका कारण केहि समय पछिका लागि सारिएको उहाँले जानकारी दिनुभयो । आगामी जेठ १८ गते ६ नम्बर, १६ गते ७ नम्बर, १७ गते २ नम्बर वडालाई निःशुल्क शिक्षा वडा घोषणा गर्ने तयारी रहेको छ ।

आर्थिक वर्ष २०७९/८० मा बागमती गाउँपालिका र कैलाश गाउँपालिका निःशुल्क तथा अनिवार्य शिक्षा घोषणा भएको छ भने आर्थिक वर्ष २०८०/०८१ मा मकवानपुरगढी गाउँपालिका र थाहा नगरपालिका घोषणा गर्ने तयारी रहेको छ ।

कार्यक्रममा स्रोत शिक्षक दासरथी उपाध्याय, गाउँपालिकाको शिक्षा प्राविधिक सहायक भगवती घिमिरेको उपस्थिति रहेको थियो । कार्यक्रममा विभिन्न राजनैतिक दलका प्रतिनिधिहरु, वडाका सामुदायिक विद्यालयका व्यवस्थापन समिति अध्यक्ष एवम् प्रतिनिधि, प्रधानाध्यापक एवम् शिक्षक, बाल समूह, किशोरी समूह, टोल विकास संस्था, आमा समूह, स्वास्थ्य स्वयम्सेविकाहरु, वडा जनप्रतिनिधिहरु, सहकारी, वन समूहलगायत संस्थाका प्रमुख एवम् प्रतिनिधिहरुको उपस्थितमा मकवानपुरगढी गाउँपालिका वडा नम्वर ८ लाई अनिवार्य तथा निःशुल्क शिक्षा लागू भएको वडा घोषणा गरिएको फुयाँलले जानकारी दिनुभयो ।

# सप्तकन्या आविको शैक्षिक भवन र शौचालय उद्घाटन

समाज संवाददाता

हेटौंडाः मकवानपुरको बागमती गाउँपालिका-९ स्थित सप्तकन्या आधारभूत विद्यालय (आवि) को नवनिर्मित दुई कोठे शैक्षिक भवन र शौचालयको उद्घाटन भएको छ । आइतबार एक कार्यक्रमका बीच बागमती प्रदेश सरकारका सामाजिक विकासमन्त्री कुमारी मोक्तानले उक्त भवनको उद्घाटन गर्नुभएको हो ।

कार्यक्रममा बोल्नुहुँदै मन्त्री मोक्तानले गुणस्तरीय शिक्षा प्राप्तिका लागि शिक्षक मात्र नभई अभिभावकहरुको पनि सक्रियता अनिवार्य रहेको बताउनुभयो । उहाँले समाज परिवर्तनका लागि गुणस्तरीय शिक्षा जरुरी बताउनुभयो । विद्यालयमा अभिभावकको चासो र शिक्षकको मिहिनेत नभएमा भौतिक संरचना मात्र बनाएर अर्थ नहुने उहाँको भनाई छ । सामाजिक विकास मन्त्रालयको आर्थिक वर्ष २०७९/८० को २५ लाख रुपैयाँमा बनेको दुईकोठे भवन र चालू आर्थिक वर्षको १० लाख रुपैयाँ लागतमा निर्मित शौचालयको उद्घाटन भएको हो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष जितमान बलको सभाध्यक्षतामा भएको भवन उद्घाटन कार्यक्रममा गाउँपालिका अध्यक्ष सर्केश घलान, गाउँपालिका सामाजिक विकास संयोजक एवम् ३ नम्बर वडाध्यक्ष कमान सिं पाखिन, ९ नम्बर वडाध्यक्ष पूर्णमान घलान, २ नम्बर वडाध्यक्ष जनक पहरी र विद्यालयका प्रधानाध्यापक सौगात भोलन लगायतको उपस्थिति रहेको थियो ।

## निति तथा...

कार्यक्रम निर्माणको क्रममा सरकारले मिहिनेत नगरी पुरानै शैलीमा नीति तथा कार्यक्रम निर्माण गरेको लामाले बताउनुभएको छ । गर्तवर्ष आफू सरकारमा हुँदा आफूले मिहिनेत गरेर नीति तथा कार्यक्रम निर्माण गरेको बताउँदै अहिलेको नीति तथा कार्यक्रममा स्वास्थ्यमा केही बठ्याइँ गरेको उहाँको आरोप छ । वर्तमान सरकारले स्वास्थ्य क्षेत्रमा मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा धेरै खर्च गर्न लागेको उहाँको भनाइ छ ।

'प्रदेश सरकारले नीति तथा कार्यक्रम निर्माणमा खासै मिहिनेत गरेको छैन । पुरानै नीति तथा कार्यक्रम प्रस्तुत गरेको छ', कांग्रेस संसदीय दलका नेता लामाले भन्नुभयो- 'सरकारको अध्ययन पुगेको छैन ।' सरकारले उत्पादनमूलक क्षेत्रलाई प्राथमिकता दिनुपर्नेमा सेवामूलकलाई बढी प्राथमिकतामा राखेको उहाँको आरोप छ । 'प्रदेश सरकारले नीति तथा कार्यक्रममा उत्पादनमुखी व्यवसाय र उद्योगलाई प्रोत्साहन दिनुपर्ने हो, तर त्यो भएको छैन । जसले गर्दा प्रदेशको आम्दानीको स्रोत घटेको छ ।' उहाँले भन्नुभयो ।

बागमती प्रदेश अन्य प्रदेशको तुलनामा कमजोर देखिएको नेता लामाको भनाइ छ । बागमती प्रदेश संघीय सरकारको पनि राजधानी भएकाले सरकारले उत्पादनको क्षेत्रमा लगानीलाई प्रोत्साहन गर्नुपर्ने उहाँको भनाइ छ । प्रदेशमा गतवर्ष विभिन्न साना कार्यक्रमलाई कटौती गरेर आफूहरुले योजना तर्जुमा गरेकोमा अहिले त्यस्तो हुन नसकेको लामाले बताउनुभयो । प्रदेश सरकारले कृषिलाई पकेट क्षेत्र घोषणा गरेर उत्पादनको क्षेत्रमा लाग्न आफूहरुले सुझाव दिएकोमा सुझावको सुनुवाई सरकारले नगरेको लामाको भनाइ छ ।

'प्रदेश सरकारले उद्योगमा लगानी गरी रोजगारी सृजना गर्न आवश्यक छ । प्रदेश सरकारले उत्पादनमूलक क्षेत्रमा लगानी नगर्दा धेरै चुनौती भोग्नुपर्ने अवस्था हुन्छ', नेता लामाले भन्नुभयो- 'प्रदेशमा बजेट सिमित छ । सिमित बजेटबाट धेरै कामहरु गर्नुपर्छ । पहिले नै हामी सरकारमा हुँदा ५५ सयभन्दा बढी टुक्रे योजना कटौती गर्दै २५ सयमा झारेका थियौं । जसले प्रदेशमा काम गर्न केही सहज भएको थियो ।'

नेता लामाका अनुसार प्रदेश सरकारले एकल अधिकार भएको क्षेत्रमा लगानी गर्नुपर्नेमा जोड दिनुभएको छ । संघीय सरकार र स्थानीय सरकारले गर्नुपर्ने स्थानमा बजेट विनियोजन गर्दा अस्तित्व नहुने उहाँको भनाइ छ । उत्कृष्ट काम गर्न नसक्दा संघीयतामा प्रश्न उठ्ने गरेको नेता लामाले बताउनुभयो । प्रदेश सरकारले बहुवर्षीय योजना निर्माण गर्न नसक्दासमेत समस्या पर्ने गरेको उहाँको भनाइ छ ।

'प्रदेश सरकार देखिँदामात्र राम्रो देखिने, तर काम खासै हुन नसकेको देखिन्छ । प्रदेशमा संघीय सरकार मातहताका सचिव हुँदासमेत काममा समस्या आउने गरेको छ', नेता लामाले भन्नुभयो- 'प्रदेश सरकार एउटै कार्यविधि बनाउन धेरै समय लगाउँछ, जसले काम गर्न ढिला हुने गरेको छ । कार्यविधि बनाउँदा ५ वर्षसम्म काम गर्न सक्ने हिसाबले काम गर्नुपर्छ ।'


# मकवानपुर बाल विद्या सदन

## हेटौंडा-१८, खड्कुले

### छात्रवृत्तिका लागि आवेदन दिनेसम्बन्धी सूचना !

शैक्षिकसत्र २०८१ मा यस विद्यालयमा अध्ययनरत विद्यार्थीहरु मध्येबाट जेहेन्दार, विपन्न, असहाय तथा गरिब, अपाङ्ग, महिला, दलित, जनजाति, द्वन्द्व पीडित तथा सहीद परिवार लगयत उत्कृष्ट शैक्षिक परिणाम प्राप्त विद्यार्थीहरुलाई पूर्ण तथा आंशिक छात्रवृत्ति प्रदान गरिने हुँदा सम्बन्धित विद्यार्थी वा विद्यार्थीको परिवारबाट आजको मितिले ७ (सात) दिन भित्र छात्रवृत्तिका लागि आवेदन माग गरिएको छ ।

**छात्रवृत्तिका लागि आवश्यक कागजात**

१. दलित, जनजाति, अपाङ्ग, द्वन्द्व पीडित, सहीद परिवार, मधेसी, अल्पसंख्यक लगायत प्रमाणित हुने जिल्ला प्रशासन कार्यालयको निस्सा ।
२. गरिबको हकमा आफ्नो नाममा कुनै सम्पत्ति नभएको र मासिक १० हजार भन्दा कम आम्दानी भएको प्रमाणित स्थानीय तहको निस्सा ।
३. विद्यालयको गत शैक्षिकसत्रको ग्रेडसिटको प्रतिलिपी ।

**शर्तहरू**

१. तोकिएका शीर्षक उपर प्राप्त निवेदनलाई अभिभावकको आर्थिक अवस्था, विद्यार्थीको शैक्षिक अवस्था आदिको आधारमा प्राथमिकता छुट्याई सोही आधारमा कमजोर आयस्तर भएकालाई प्राथमिकता दिईनेछ ।
२. छात्रवृत्तिका आवेदन दिने विद्यार्थी विद्यालयले लिएको गत बर्षको बार्षिक परीक्षामा सफल भएको हुनुपर्नेछ ।
३. छात्रवृत्ति कार्यक्रम कक्षा १ कक्षादेखि १० कक्षासम्मका विद्यार्थीहरुमा मात्र लागु हुनेछ ।
४. शैक्षिक छात्रवृत्ति विद्यार्थीले प्राप्त गरेको उत्कृष्ट शैक्षिक उपलब्धीको आधारमा प्रदान गरिनेछ ।


## हिटस्ट्रोक...

मासंपेशी बाउँडिने, बेहोस हुनेजस्ता लक्षण देखिन्छन् ।

**उपचार**

कसैलाई हिट-स्ट्रोक भएमा सकेसम्म तुरुन्तै अस्पातल लैजानुपर्छ । अस्पताल पुऱ्याउनुअघि यदि कसैलाई हिट-स्ट्रोक भएमा यी प्राथमिक उपचार गर्न सकिन्छ । बिरामीलाई तातो ठाउँ वा घामबाट टाढा शीतल ठाउँमा लैजाने, बेहोस भएको छैन भने चिसो पानी खुवाउने, बेहोस भएमा खुवाउनुहुँदैन ।

बिरामीले धेरै लुगा लगाएको छ वा कस्सिने लुगा लगाएको छ भने खोलिदिनुपर्छ । यसो गर्दा शरीरलाई चिसो बनाउन मद्दत गर्छ । चिसो पानीमा कपडा भिजाएर हातखुट्टा पुछिदिने गर्नुपर्छ । हिट-स्ट्रोक भएका व्यक्तिलाई अस्पताल लगिहाल्नुपर्छ । बिरामीको स्वास्थ्य अवस्थाअनुसार जाँच गर्नुपर्ने हुन्छ ।

**हिट-स्ट्रोकको जोखिम**

वृद्ध व्यक्ति वा बच्चालाई हिट-स्ट्रोकको बढी जोखिम हुन्छ किनभने तिनीहरूको शरीरमा गर्मी सन्तुलन गर्ने क्षमता कम हुन्छ । सुरक्षा गार्ड, ट्राफिक प्रहरी, कृषि र अन्य घाममा ज्याला मजदूरीमा काम गर्ने व्यक्तिलाई जोखिम बढी हुन्छ । किनभने यी व्यक्तिहरु अत्याधिक गर्मीमा लामो समयसम्म बाहिर बस्दा वा उभिरहँदा र निरन्तर काम गरि रहँदा हिट स्ट्रोक हुनसक्छ ।

अत्याधिक शारीरिक काम गर्दा जस्तै लामो समय भारी काम गर्दा, लामो समय दौड वा व्यायाम गर्दा पनि शरीर अत्याधिक तातो भएर हिट स्ट्रोकको जोखिम बढ्छ ।

केही सामान्य स्वास्थ्य समस्याहरू जस्तै उच्च रक्तचाप, हृदयरोग, थाइराइड र मधुमेह समस्या भएमा पनि हिट स्ट्रोक हुनसक्छ ।

अत्याधिक मदिरा वा लागूपदार्थको सेवनले शरीरले तातो बनाउँछ । जसकारण हिट-स्ट्रोकको जोखिम हुन्छ ।

**बच्ने उपाय**

हिट-स्ट्रोकबाट बच्ने सबैभन्दा मुख्य उपाय गर्मीले तातो भएको शरीरलाई चिसो बनाउने कोसिस गर्नु नै हो । गर्मीमा काम गर्नुपर्छ भने समय-समयमा छायामा बस्ने, कोठामा पंखा वा एसी चलाएर शरीरलाई चिसो बनाउनुपर्छ । साथै शरीरलाई चिसो राख्न समय-समयमा पानी पिउने गर्नु सकिन्छ । *(स्रोतः अनलाईनखबर)*


## डिभिजन वन कार्यालय, मकवानपुरको अनुरोध ।

**वन, वन्यजन्तु, जैविक विविधता र प्राकृतिक वातावरणको संरक्षण गर्दै, थप जनधनको क्षतिहुनबाट बचाउँनु हामी सबैको कर्तब्य हो । तसर्थ वन डढेंलो नियन्त्रण कार्यमा सहयोग गर्नु हुन सम्पूर्ण स्थानीय तह, सरकारी तथा गैह्र सरकारी निकाय, वन समूह, संघ–संस्था, पत्रकार लगायत सम्पूर्णमा डिभिजन वन कार्यालय, मकवानपुर हार्दिक अपिल गर्दछ ।**

**डिभिजन वन कार्यालय, मकवानपुर**



## जनस्वास्थ्य कार्यालय मकवानपुरद्वारा जनहितमा जारी संदेश

मिति २०७३ साल बैशाखदेखि २०७५ असोजसम्म जन्म मिति भएका बालबालिकाहरुलाइ मकवानपुर जिल्ला स्थित १० वटै स्थानीय तह अन्तर्गतका सबै विद्यालयमा यहि मिति २०८१ जेष्ठ १३ गतेबाट जेष्ठ १९ गतेसम्म पोलियो बिरुद्धको खोप आइ.पि.भी. खोप अभियान २०८१ संचालन हुँदैछ उक्त आइ.पि.भी.खोप अभियानमा २०७३ साल बैशाख देखि २०७५ असोजसम्म जन्म मिति भएका बालबालिकाहरुलाइ खोप लगाउन हुन अनुरोध छ । स्थानीय तह अन्तर्गतका सबै विद्यालयमा यहि मिति २०८१ जेष्ठ १३ गतेबाट जेष्ठ १९ गतेसम्म संचालन हुने भएपनि तपाईको नजिकको विद्यालय वा तपाईको बालबालिका अध्ययन गर्ने विद्यालयमा खोप अभियानको मिति फरक हुन सक्छ । त्यसैले आ-आफ्नो बालबालिकाले आइ.पि.भी खोप लिए नलिएको सुनिश्चित हुन अनुरोध छ ।

खोपहरु लगाए पनि सँधै सरसफाईका सबै व्यवहारहरुको पालना गरौं । खोप सम्बन्धि कुनै जानकारी आवश्यक परेमा नजिकैको स्वास्थ्य संस्था, स्वास्थ्यकर्मी, म.सा.स्वा.स्वयं.से., वा निशुल्क कल सेन्टर १११५ मा सम्पर्क गरौं । याद गर्नुहोस । मिति २०७३ साल बैशाखदेखि २०७५ असोजसम्म जन्म मिति भएका बालबालिकाहरुलाइ पोलियो रोगको संक्रमणबाट बचाउन तथा पक्षघात हुनबाट बच्न आइ.पी.भी. खोप लगाउन अति आवश्यक छ । त्यसैले उक्त उमेर समुहका बालबालिकाहरुलाई आइ.पी.भी. खोप लगाउन हुन अनुरोध छ ।

**जिल्ला खोप समन्वय समिति तथा जनस्वास्थ्य कार्यालय, मकवानपुर**



## बाल विकास सहजकर्ता आवश्यकता

*(सूचना प्रकाशित मितिः २०८१/०२/१५)*

हेटौंडा उपमहानगरपालिकाको कार्यालय, शिक्षा विकास महाशाखाको मिति २०८१/०२/१३, चलानी नं. १४१ को पत्र र यस विद्यालय व्यवस्थापन समितिको मिति २०८१/०२/१४ को बैठकको निर्णयअनुसार यस विद्यालयमा थप भएको रिक्त बाल विकास सहजकर्ता (शिक्षक) आवश्यक भएको हुँदा तपसिलबमोजिमको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट दरखास्त आह्वान गरिएको छ ।

**तपसिल**ः

**१. विज्ञापन नं.: ०१/२०८१**
२. पदः बाल विकास सहजकर्ता
३. संख्याः १ (एक) जना
४. शैक्षिक योग्यताः कक्षा १२ उत्तीर्ण ।
५. उमेरः १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।
६. तलब स्केलः नेपाल सरकारबाट प्राप्त अनुदानअनुसार ।
७. आवेदन दस्तुरः रु. ७००/- (सात सय रुपैयाँ) ।
८. परीक्षाको किसिमः लिखित, मौखिक र आवश्यकताअनुसार प्रयोगात्मक/कक्षा अवलोकन ।
९. आवेदन दिने अन्तिम मितिः २०८१/०२/२९ गतेसम्म ।
१०. सम्पर्क मितिः २०८१/०२/३० गते
११. परीक्षा मितिः सम्पर्क मितिमा जानकारी दिइनेछ ।
१२. वाञ्छनीय योग्यताः अंग्रेजी भाषामा दख्खल भएको र मन्टेश्वरी तालिम प्राप्त ।

**आवश्यक कागजात**ः हस्तलिखित निवेदन, नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यता तथा आवश्यक तालिमको प्रमाणपत्रको प्रतिलिपि ।

**थप जानकारीको लागि सम्पर्कः**

**श्री श्रमिक माध्यमिक विद्यालय, हेटौंडा-४, कर्रा**

**मोबाइल नंः ९७६५९५५५२२, ९८४५१०७४२८, ९८४५२८६५६५**



## विशेषता : जापानिज भाषा

PTE/Ielts

युरोपिय देशहरुमा शैक्षिक अवसर साथै विशेष गरी फिनल्यान्ड देशका लागि न्युनतम शुल्कमा शैक्षिक परामर्श सहित सेवा प्रदान ।



**सम्पर्क : ०५७-५९०६४५**
**९८०२३७१४४४**
**ठेगाना : स्कूलरोड, हेटौंडा-४**
**पुजन प्लाजा तेस्रो तल्ला**

**IDB Education Consultancy pvt Ltd**

# ऋषेश्वर र चित्लाङ थाहा गोल्डकपको फाईनलमा

समाज संवाददाता

हेटौंडाः मकवानपुरको उत्तरीक्षेत्रस्थित थाहा नगरपालिकामा जारी थाहा गोल्डकपको फाइनलमा ऋषेश्वर-११ र चित्लाङ फाइनलमा प्रवेश गरेको छ । सोमबार भएको पहिलो सेमीफाइनल खेल ऋषेश्वर-११ र सक्रिय युवा क्लबबीच भएको थियो । ऋषेश्वरले ८-२ गोलअन्तरले जित्दै फाइनलमा पुग्न सफल भयो ।

खेलको १५औं मिनेटमा ऋषेश्वर-११ ले पाएको पेनाल्टीलाई रिचर्ड विल्सनले आउट हानेका थिए । संजोग महर्जनले १७ औं मिनेटमा पहिलो गोल गरेर टिमलाई अग्रता दिलाएका थिए । खेलको १९ औं मिनेटमा सक्रियका बिष्टले गरेको प्रहार पोलमा लागेर फर्किएको थियो । ऋषेश्वर ११ का रिचर्ड विल्सनले आफ्नो टिमको लागी ३०, ४०, ४८ र ५७ औं मिनेटमा गरी ४ गोल गरे । रिचर्ड म्यान अफ दी म्याच भए ।

समिरराज थोकरले टिमका लागि ३४ औं मिनेटमा तेश्रो गोल गरेका थिए । ऋषेश्वरकै संयोग महर्जन ५७ र ६० औं मिनेटमा गोल गर्दै ह्याट्रीक गर्न सफल रहे । सकृय युवा क्लबका लागि सुनिल शाह ठकुरीले १/१ गोल गरे ।

दोश्रो सेमीफाइनल खेल २/२ गोलको बराबरीमा सकिएपछि सडेन डेथमा पुगेको थियो । जसमा चित्लाङ खेलकुद विकास समिति विजयी बनेर फाइनलमा पुग्न सफल बनेको छ । यस खेलमा कुर्दन एकेडेमीका लागि अनिल खडकाले २४ औं मिनेटमा र रोहितले ८२ औं मिनेटमा एक गोल गरेका थिए । चित्लाङका लागि भने अफ्रीकी खेलाडी फैसल जफा एक्लैले ४० र ५१ मिनेटमा दुई गोल गरेका थिए ।

# बाढीपहिरोका कारण भौतिक पूर्वाधारमा क्षति

समाज संवाददाता

हेटौंडाः राष्ट्रिय तथ्याङ्क कार्यालयले २०७९ सालमा सञ्चालन गरेको राष्ट्रिय जलवायु परिवर्तन सर्वेक्षणको प्रतिवेदन सार्वजनिक गरेको छ । प्रतिवेदनअनुसार पछिल्लो ५ वर्षमा बाढीका कारण ५०.२ प्रतिशत भौतिक पूर्वाधार क्षति भएको छ । सोमबार राष्ट्रिय तथ्याङ्क कार्यालयका निर्देशक प्रमोद रेग्मीले २०७९ सालमा गरेको स्थलगत राष्ट्रिय जलवायु परिवर्तन सर्वेक्षणको प्रतिवेदन पेश गर्नुभएको हो ।

रेग्मीका अनुसार ५ वर्षमा बाढीपछि पहिरोले नेपालमा ४३.३ प्रतिशत भौतिक पूर्वाधार क्षति गरेको छ । राष्ट्रिय तथ्याङ्क कार्यालयले २०७९ सालमा ४५ वर्ष वा सोभन्दा माथिको र एउटै स्थानमा २५ वर्ष बसोबास गरेको २९ वटा जिल्ला, ३ सय २ वटा पीएसयु र ६ हजार ५ सय २० वटा घरपरिवारमा सर्वेक्षण गरेको थियो ।

जलवायु प्रकोपका कारण नेपालमा ४ खर्ब १५ अर्ब रुपैयाँको आर्थिक क्षति भएको छ । नेपालमा जलवायु परिवर्तनको बारेमा सहरका ४२.८ प्रतिशत र ग्रामीण क्षेत्रका २६.३ प्रतिशत बासिन्दा जानकार छन् । सर्वेक्षणको तथ्याङ्कअनुसार ६७.४ प्रतिशत घरपरिवार जलवायु परिवर्तनको कारण रोगबाट आर्थिक घाटामा गएका छन् । २५.२ प्रतिशत घरपरिवारले जलवायु परिवर्तनको कारण वन विनाश रहेको बताएका छन् । यस्तै, ६५.४ प्रतिशत घरपरिवारले पछिल्लो २५ वर्षको अवधिमा जलवायु प्रेरित घटनामा खडेरी प्रमुख रहेको बताएका छन् ।

पछिल्लो ५ वर्षमा जलवायु प्रेरित प्रकोपहरुमा प्रारम्भिक चेतावनी जानकारीको लागि घरेलु पहुँच १२.९१ ले सहमति गरेका छन् भने ८७.०९ ले असहमति जनाएका छन् । विपद्बाट हुने क्षतिलाई न्यूनीकरण गर्न प्रारम्भिक चेतावनी सूचना प्राप्त गरेपछि नेपालका ३५.७ ले अपनाएका छन् भने ६४.३ ले अपनाएका छैनन् । विगत २५ वर्षमा ३६ प्रतिशत रोग बढेको रेग्मीले बताउनुभयो । यस्तै, २५ वर्षमा पानी कम हुनुको मुख्य कारण अपर्याप्त झरना हो । २०७९ सालमा भएको सर्वेक्षण वातावरण विषयमा स्नातकोत्तर गरेका विद्यार्थीले गरेका थिए । राष्ट्रिय तथ्याङ्क कार्यालयले पहिले यसअघि सन् २०१६ मा सर्वेक्षण गरेको थियो ।

# भ्रष्टाचारविरुद्ध लघु चलचित्र प्रदर्शनी तथा अन्तरक्रिया

समाज संवाददाता

हेटौंडाः ओनियन फिल्मस्ले भ्रष्टाचारविरुद्ध लघु चलचित्र प्रदर्शनीसम्बन्धी देशव्यापी अभियान सञ्चालन गरेको छ । देशव्यापी अभियानअन्तर्गत आइतबार र सोमबार हेटौंडाका तीनवटा क्याम्पसमा स्नातक तह अध्ययनरत विद्यार्थीबीच चलचित्र प्रदर्शन गरेको छ । चलचित्र प्रदर्शनीपछि भ्रष्टाचारसम्बन्धी अन्तरक्रिया समेत गरिएको छ ।

आइतबार बिहान हेटौंडा क्याम्पसमा, आइतबार दिउँसो वनविज्ञान क्याम्पसमा र सोमबार बिहान हेटौंडा स्कूल अफ म्यानेजमेन्टका विद्यार्थीलाई लघु चलचित्र प्रदर्शन गरिएको छ । शिक्षा, स्वास्थ्य, सरकारी अनुदानलगायतका विविध विषयमा विद्यमान भ्रष्टाचारसम्बन्धी ५ वटा चलचित्र प्रदर्शन गरिएको थियो । भ्रष्टाचार नियन्त्रणसम्बन्धमा पत्रकारको भूमिका र सफलताको कथाको रुपमा पनि एउटा वृत्तचित्र प्रदर्शन गरिएको थियो ।

आइतबार बिहान हेटौंडा क्याम्पसमा भएको लघु चलचित्र प्रदर्शनीपछि विद्यार्थीसँग निर्देशक अशोक पाठक, पत्रकार सुरेश श्रेष्ठले अन्तरक्रिया गर्नुभएको थियो भने दिउँसो वन विज्ञान क्याम्पसमा भ्रष्टाचार नियन्त्रणका लागि नागरिक निगरानी संस्था मकवानपुरका अध्यक्ष केदारप्रसाद चौलागाईको उपस्थितिमा छलफल भएको थियो । सोमबार बिहान हेटौंडा स्कूल अफ म्यानेजेमन्टमा भएको चलचित्र प्रदर्शनीपछि हेटौंडा उपमहानगर पालिकाको सुशासन समितिका संयोजक तथा १५ नम्बर वडाअध्यक्ष सुनिल मोक्तान र अख्तियार दुरुपयोग अनुसन्धान आयोगको हेटौंडास्थित कार्यालयका अधिकृत राजन रायसँग बहस गरिएको थियो । बहसको सहजीकरण पत्रकार सुरेश श्रेष्ठले गर्नुभएको थियो ।

सेन्टर फर इन्टरनेशनल प्राइभेट इन्टरप्राइजको सहयोगमा लघु चलचित्रको देशव्यापी अभियानअन्तर्गत हेटौंडाअघि विराटनगर, इटहरी र जनकपुरमा चलचित्र प्रदर्शनीको कार्य सकिएको ओनियन फिल्मस्का गोपाल सिवाकोटीले जानकारी दिनुभयो । हेटौंडापछि काठमाडौं, पोखरा, सुर्खेत र लुम्बिनीमा पनि लघु चलचित्र प्रदर्शन गरिने बताइएको छ । भ्रष्टाचार विरुद्ध सचेतना अभिवृद्धि गर्ने उद्देश्यले तयार पारिएको लघु चलचित्र प्रदर्शनीले युवा विद्यार्थीमा सकारात्मक प्रभाव पर्ने अपेक्षा गरिएको निर्देशक अशोक पाठकले बताउनुभयो ।

# यु-१९ क्रिकेट छनोट बुधबार

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्लाको यु-१९ क्रिकेटको खेलाडी छनोट बुधबार हुँदैछ । वाइवाइ यु-१९ मेन राष्ट्रिय क्रिकेट टुर्नामेन्ट-२०८१ का लागि जिल्लाबाट दर्ता भएका ४४ जनामध्ये १४ जना छनोट हुनेछन् ।

मकवानपुर क्रिकेट संघले छनोट गर्नका लागि ४ वटा टिम बनाएको छ । ४ वटा टिमबाट १४ जना उत्कृष्ट खेलाडीलाई छनोट गरी जिल्लाको टिम बनाउने मकवानपुर क्रिकेट संघका सचिव विनोद बानियाले जानकारी दिनुभयो । यो खेल ४ दिन हुने बताइएको छ ।

यस्तै, मकवानपुरको क्रिकेट टिमले जेठको अन्तिममा काठमाडौं, चितवन, ललितपुर, भक्तपुर र नुवाकोटसँग प्रतिस्पर्धा गर्नेछ । यी खेल काठमाडौंमा हुन्छ । यसैगरी, ६ वटा जिल्लाबाट एउटा प्रदेशको टिम बन्नेछ ।

# माटोकोरीको विव्यस अध्यक्षमा गुरुङ

समाज संवाददाता

हेटौंडाः पूर्वी मकवानपुरको बकैया गाउँपालिका-७, माटोकोरीस्थित माटोकोरी आधारभूत विद्यालयको विद्यालय व्यवस्थापन समितिको अध्यक्षमा पवनसिंह गुरुङ चयन हुनुभएको छ । गत शुक्रबार भएको निर्वाचनबाट गुरुङको अध्यक्षतामा नयाँ विद्यालय व्यवस्थापन समिति चयन भएको हो ।

निर्वाचनमा मञ्जुमाया स्याङ्तानले ८४ मत, रामबहादुर गुरुङले ८५ मत, शिवलक्ष्मी घलानले ८१ मत र जीतलाल ब्लोनले ८४ मत प्राप्त गरी विजयी हुनुभएको हो । विद्यालय व्यवस्थापन समिति सदस्य पदका आकांक्षी कोपिला लोप्चनले ५७ मत, बिष्णु राईले ५५ मत, विशाल भोलनले ५४ मत र लालीमाया स्याङ्तानले ५८ मत प्राप्त गर्नुभएको थियो । कुल १ सय ५२ जनाले मतदान गरेकोमा १२ मत बदर भएको थियो ।

निर्वाचित सदस्यहरुले पवनसिंह गुरुङ र देवकी राईलाई सदस्यमा मनोनित गरेको थियो । सदस्य गुरुङलाई सदस्यहरुको बैठकले अध्यक्षमा निर्विरोध चयन गरेको हो । नयाँ समितिको कार्यकाल ३ बर्षको रहनेछ । अध्यक्ष गुरुङले सोही विद्यालयमा १९ बर्ष निजी स्रोतबाट अध्यापनसमेत गर्नुभएको थियो ।

# पहिरोले पुरिएर मृत्यु

समाज संवाददाता

हेटौंडाः चितवन जिल्लाको ईच्छाकामना गाउँपालिका-५, मुग्लिङमा पहिरोले पुरिएर स्काभेटर चालकको मृत्यु भएको छ । मृत्यु हुनेमा बर्दिया जिल्लाको गेडुवा गाउँपालिका-४ का ३८ वर्षीय मंगल चौधरी रहेको प्रहरीले जानकारी दिएको छ ।

आइतबार बिहान ९ बजेको समयमा नारायणगढ सडकखण्डको तीन नम्बर पुलमा पुलका लागि पहाड काट्ने क्रममा बा २ क ८६५१ नम्बरको स्काभेटर माथिबाट ढुङ्गा सहितको पहिरो खसेर पुरिएको थियो । पहिरोले पुरिएर चालक चौधरी गम्भीर घाइते भएका थिए । घाइते चालकलाई उपचारका लागि पुरानो मेडिकल कलेज भरतपुर लगिएकोमा बिहान १० बजेर २२ मिनेटको समयमा डाक्टरले मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ ।

# यामाहाको माइलेज च्यालेन्जमा तीन जना पुरस्कृत

समाज संवाददाता

हेटौंडाः यामाहा कम्पनीको मोटरसाइकल तथा स्कुटरको आधिकारिक बिक्रेता राज मोटर्सले रे-जेड आर-१२५ एफआई हाइब्रीड स्कुटरको माइलेज च्यालेन्ज तथा राइड आउट कार्यक्रम सम्पन्न गरेको छ । शनिबार भएको कार्यक्रममा २१ जनाले सहभागिता जनाएको राज मोटर्सका प्रबन्ध निर्देशक राजन श्रेष्ठले जानकारी दिनुभयो ।

हेटौंडा-४ स्थित यामाहा शोरुमबाट सुरु भएको र्‍याली बुद्धचोक, राप्तीरोड, सीमाचोक, चौकीटोल, संगमचोक, कन्तिराजपथ, हुप्रचौर, पारिजातपथ, कमाने, हटिया, चौघडा हुँदै पिप्लेस्थित रिगल हेटौंडा रिसोर्टमा समापन भएको थियो । कम्पनीले रे-जेड आर-१२५ एफआई हाइब्रीड स्कुटरको माइलेज ६० किलोमिटर प्रतिलिटर दाबी गरेकोमा ग्राहकले चलाएरै प्रमाणित गरेको राज मोटर्सले जनाएको छ ।

प्रतियोगितामा अधिकतम माइलेज ७९ किलोमिटर प्रतिलिटर आएको र कम (६०.३३) किलोमिटर आएको श्रेष्ठले जानकारी दिनुभयो । प्रतियोगितामा रोशन आले मगर (७९.९१८) प्रथम, उमेश जोशी (७७.८६) द्वितीय, करिना सुनार (७७.८५) तृतीय हुनुभएको छ । प्रथम, द्वितीय र तृतीय हुनेलाई तामाको दियोसहित सम्मान गरिएको श्रेष्ठले जानकारी गराउनुभयो ।

यसअघि पनि यामाहाले माइलेज च्यालेन्ज प्रतियोगिता गर्दै आएको थियो । सेवाग्राहीप्रति आफ्नो उत्पादनको विश्वास बढाउन र सेवाग्राहीका अपेक्षाबारे जानकारी लिन यस किसिमको कार्यक्रम नियमित आयोजना गर्ने गरेको राज मोटर्सका श्रेष्ठको भनाइ छ । मकवानपुर जिल्लामा यामाहा कम्पनीका दुईपांग्रे साधन उपभोक्ताको रुचिमा परेको छ ।

# २८ जनाले गरे रक्तदान

समाज संवाददाता

हेटौंडाः हेटौंडाको बुद्धचोकमा सोमबार रक्तदान कार्यक्रम भएको छ । कार्यक्रममा २८ जनाले रक्तदान गरेका छन् । रक्तदान गर्नेमा ३ जना महिला र २५ जना पुरुष रहेका हेटौंडा रक्तसञ्चार केन्द्रका प्रमुख टंक दाहालले जानकारी दिनुभयो ।

बागमती प्रदेशको स्वास्थ्य मन्त्रालय र हातेमालो सहकारी संस्थाको संयुक्त आयोजनामा रक्तदान कार्यक्रम भएको हो । गठतन्त्र दिवसको अवसरमा भएको रक्तदान कार्यक्रममा स्वास्थ्य मन्त्री रामेश्वर श्रेष्ठको पनि उपस्थिति रहेको थियो । मुख्यमन्त्री कार्यालयले सोमबार देखि गणतन्त्र दिवसको अवसरमा सप्ताहव्यापी कार्यक्रम आयोजना गरेको छ । यस्तै मंगलबार गणतन्त्र दिवसको अवसरमा बागमती गाउँपालिका, फापरबारीमा रक्तदान कार्यक्रमको आयोजना गरिएको छ ।

# वृद्ध मृत फेला

समाज संवाददाता

हेटौंडाः सिन्धुपाल्चोक जिल्लाको जुगल गाउँपालिका-१, आहाल चौरका वृद्ध मृत फेला परेका छन् । मृत फेला पर्नेमा ९६ वर्षीय लाल बहादुर मगर रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ । मगर साँगाचोकगढी नगरपालिका-२ फलामेसाँघुस्थित ब्रम्मायणी नदीभित्र मृत फेला परेका थिए । मगर आइतबार घरबाट खाना खाई निस्की बेपत्ता भएकोमा खोजतलास गर्दै जाँदा ब्रम्मायणी नदीभित्र ढुङ्गाको कापमा अड्किएको अवस्थामा मृत फेला परेको प्रहरीले जनाएको छ ।

## हार्दिक बधाई



यस माटोकोरी आधारभूत विद्यालय व्यवस्थापन समितिको बैठकबाट अध्यक्ष पदमा सर्वसम्मत निर्वाचित हुनुहुने पवनसिंह गुरुङसहित विद्यालय व्यवस्थापन समिति सदस्यमा निर्वाचित सदस्यहरुलाई हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

शिव बोलखे, प्रधानाध्यापक
एवम् माटोकोरी आधारभूत विद्यालय परिवार
बकैया-७, माटोकोरी

सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज सुनौं र सुनाऔं




## हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

## हार्दिक आमन्त्रण



जन्मः २००७ फागुन १२ गते | **स्व. पुतलीमाया थिङ** | स्वर्गारोहणः २०८१ बैशाख २७ गते

हाम्री ममतामयी माता **पुतलीमाया थिङ**को ७३ बर्षको उमेरमा दुःखद् निधन भएको **२१ औं दिनको पूण्यतिथि**मा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं । दुःखको यस घडीमा हामीप्रति सहयोग, सहानुभूति प्रकट गर्नुहुने सम्पूर्ण ईष्टमित्र, बन्धुबान्धव, छरछिमेकी, आफन्तजन र शुभेच्छुकप्रति हार्दिक आभार व्यक्त गर्दै अन्त्येष्टीका क्रममा सागरमा पाल्नुहुने सम्पूर्ण महानुभावहरुलाई बौद्धधर्म अनुसार हुने विशेष पुजा नङ्शल एक हजार छ्योमे बाली दिन्यतिथि काजकिरिया (घेवा) मा सहभागी भई पितृप्रसाद ग्रहण गरी दिनुहुन निम्न मिति, समय र स्थानमा हार्दिक आमन्त्रणसमेत गर्दछौं ।

**कार्यक्रम**
मितिः २०८१ जेष्ठ १७ गते बिहीबार
समयः बिहान ६:00 बजेबाट
स्थानः राक्सिराङ-१, भुमेथुम (आफ्नै निवास)

**प्रार्थी (छोराहरु)**
देव लामा थिङ/कमान सिंह थिङ/राजमान थिङ/गणेशमान थिङ

एवम्
समस्त थिङ परिवार, राक्सिराङ
असमर्थताका लागि
मो.नं. ९८४५०७६३९३